हामी सबैको रहर : शिक्षित, स्वस्थ, सम्पन्न, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. :

च.नं.:

मिति : २०७८/०५/३०

**विषय : विद्यालय सञ्चालन कार्यढाँचा सम्बन्धमा ।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७८/०५/३० को निर्णय अनुसार २०७८/०६/०१ बाट लागु हुने गरी कोभिड १९ को विषम परिस्थितिलाई मध्यनजर गर्दै महानगरपालिका भित्रका विद्यालय सञ्चालनको कार्यढाँचा सम्बन्धमा तपशील बमोजिम गर्ने भनी निर्णय भएको हुँदा यस म.न.पाका सबै विद्यालय तथा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**तपशील**

**निर्णय नं १. विद्यालय सञ्चालन कार्यढाँचा**

**(क) इन्टरनेटमा पहुँच हुने विद्यार्थी समूहका लागि**

- सबै विद्यार्थीका हात हातमा पाठ्यपुस्तक पुगेको सुनिश्चित गर्ने
- इन्टरनेटमा पहुँच हुने विद्यार्थीका लागि विद्यालयले अनिवार्य जुम, गुगल मिट वा अन्य पहुँचयोग्य माध्यमको प्रयोग गरी भर्चुअल सिकाइबाट शिक्षण सिकाइलाई निरन्तरता दिने ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा अन्य विभिन्न निकायबाट विकास गरिएका अनलाइन/अफलाइन सिकाइ सामग्रीको अध्ययन गर्न प्रोत्साहन गर्ने
- CUG सिमको प्रयोगमार्फत सिकाइ सहजीकरण गर्ने
- विभिन्न रेडियो, टेलिभिजन तथा अनलाइन/अफलाइनमाध्यमबाट प्रसारित पाठ हेर्न/सुन्न/अध्ययन गर्न सुसुचित तथा प्रोत्साहन गर्ने

**(ख) इन्टरनेटमा पहुँच नहुने विद्यार्थी समूहका लागि**

- सबै विद्यार्थीका हात हातमा पाठ्यपुस्तक पुगेको सुनिश्चित गर्ने
- विद्यालयले सम्पूर्ण स्वास्थ्य मापदण्डको पालना गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी **सिकाइ सहजीकरण निर्देशिका तथा कोभिड महामारीको अवस्थामा हुनसक्ने निशेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्यन्वयन सम्बन्धी कार्ययोजना २०७८** ले व्यवस्था गरे अनुसारको आलोपालो प्रणाली/सिफ्ट प्रणाली लागु गरी एक बेन्चमा एक जना मात्र विद्यार्थी बस्ने व्यवस्था मिलाइ सम्पर्क कक्षाका माध्यमबाट सिकाइ सहजीकरण गर्न सक्ने, यसरी सम्पर्क कक्षा मार्फत सिकाइ सहजीकरण गर्दा ४०० जना सम्म विद्यार्थी भएका विद्यालयले प्रति सिफ्ट प्रति दिन १०० भन्दा बढी विद्यार्थी समावेश गर्न पाइने छैन । ४०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले प्रति दिन अनलाइनमा पहुँच नभएका कूल विद्यार्थी संख्याको बढीमा २५ प्रतिशत नबढ्ने गरी (१०० जना भन्दा बढी विद्यार्थी भएमा अनिवार्य २ सिफ्ट सञ्चालन हुने व्यवस्था गर्ने )सम्पर्क कक्षा तोक्न सक्ने । एक दिनमा २ सिफ्ट भन्दा बढी सम्पर्क कक्षा तोक्न पाइने छैन । सम्पर्क कक्षाको समयावधि बढीमा ३ घण्टाको हुनुपर्नेछ । एक सिफ्ट समाप्त पश्चात कम्तिमा १ घण्टा ३० मिनेट पश्चात मात्र अर्को सिफ्ट सुरु गर्न सकिनेछ ।
- सम्पर्क कक्षामा परियोजना कार्य, गृहकार्य तथा विद्यार्थीबाट आएका कठिनाइहरुको सहजीकरण गर्ने
- सम्पर्क कक्षामा आएका विद्यार्थीलाई एक आपसमा सामग्री (पाठ्यपुस्तक,कलम,कापी आदि) साटासाट गर्न नदिने

शिक्षा अधिकारी

अधिकृत दर्जा

- विद्यालयले सम्पर्क कक्षाबाट सिकाइ सहजीकरण गर्नु अघि अनिवार्य वि.व्य.स तथा अभिभावकहरुको बैठक/छलफल राखी कार्ययोजना तथा कार्यविवरण तय गर्ने। बैठक तथा छलफल गर्दा सकेसम्म Virtual माध्यमबाट हुने व्यवस्था मिलाउने
- सम्पर्क कक्षामा पठाउन अभिभावकले अस्वीकार गरेमा त्यस्ता विद्यार्थीका लागि विद्यालयले फरक माध्यमबाट सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाउने
- CUG सिमको प्रयोगबाट फोनमार्फत सिकाइ सहजीकरण गर्ने
- विभिन्न रेडियो, टेलिभिजन तथा अनलाइन/अफलाइनमाध्यमबाट प्रसारित पाठ /अध्ययन सामग्री हेर्न/सुन्न/अध्ययन गर्न सुसुचित तथा प्रोत्साहन गर्ने
- विद्यालय हाता तथा कक्षाकोठा दैनिक नियमित रुपमा निर्मलीकरण गर्ने,
- विद्यार्थी/अभिभावक/शिक्षक प्रवेशद्वारमा भौतिक दुरी कायम हुने व्यवस्था गर्ने
- क्यान्टिन तथा खेल मैदानको प्रयोग निशेध गर्ने
- शौचालयको सरसफाइ तथा प्रयोगलाई व्यवस्थापन गर्ने
- विद्यालयले समुदाय/टोल वा कुनै उपयुक्त स्थानमा समेत स्वास्थ्य सुरक्षाको सम्पूर्ण मापदण्ड पूरा गरी अस्थायी सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने
- सबै विद्यार्थीलाई माक्स अनिवार्य गर्ने, कक्षाकोठा प्रवेश गर्नु अघि साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था मिलाउने
- विद्यालयमा विद्यार्थी विद्यार्थी आपस आपसमा जम्मा भइ कुराकानी गर्न निशेध गर्ने
- बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाका लागि घरमा आधारित शिक्षामा जोड दिइ एक जना अभिभावकलाई सम्पर्क व्यक्ति तोकी सिकाइमा सहजीकरण गर्ने।
- विद्यार्थी/शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता बनाइ कार्यान्वयन गर्ने
- विद्यालय परिवार बाहेक अन्य व्यक्तिलाई विद्यालय आवत जावतमा रोक लगाउने
- विद्यालयमा प्राथमिक उपचार केन्द्र र आइसोलेसन सेन्टरको व्यवस्था मिलाउने
- एक जना शिक्षकलाई कोभिड १९ फोकल शिक्षक तोकी विद्यार्थीको कार्यलाई व्यवस्थित गर्ने
- कोभिड १९ को सन्दर्भमा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ को कार्यान्वयन गर्ने

**(ग) विद्यालय बसको प्रयोग सम्बन्धमा**

विद्यालयले सम्पर्क कक्षाका लागि सकेसम्म विद्यार्थी वा अभिभावकलाई नै विद्यार्थी विद्यालयमा ल्याउने लैजाने व्यवस्था मिलाउन अनुरोध गर्ने। यदि विद्यालय बसको प्रयोग नगरी नहुने अवस्थामा स्वास्थ्यका सम्पूर्ण मापदण्ड पालना गरी भौतिक दूरी कायम राखी सुरक्षित रुपबाट मात्र विद्यार्थी ओसार प्रसार गर्ने।

**(घ) जटिल प्रकृतिका रोग भएका बालबालिकाका लागि**

निमोनिया, मुटुरोग, मधुमेह जस्ता जटिल रोग भएका बालबालिकालाई विशेष हेरविचार गर्ने। यस्ता विद्यार्थीलाई सम्पर्क कक्षामा नबोलाइ फरक माध्यमबाट सिकाइ सहजीकरण गर्ने।

**(ङ) विद्यालयमा संक्रमण देखिएमा वा संक्रमणको आशंका भएमा निम्नानुसार गर्ने**

सम्पर्क कक्षा सञ्चालनको समयमा विद्यालयको कुनै शिक्षक वा विद्यार्थीमा कोरोना संक्रमण देखिएमा अनिवार्य रुपमा कम्तिमा १० दिन विद्यालय पठन पाठन बन्द गरी बैकल्पिक विधिबाट सिकाइ सहजीकरणको व्यवस्था मिलाउने तथा त्यसको जानकारी महानगरपालिकालाई दिने। पुनः विद्यालय सञ्चालन गर्दा विद्यालय निर्मलीकरणको व्यवस्था मिलाउने। कुनै विद्यार्थी वा शिक्षक कन्ट्याक ट्रेसिङमा परेमा वा सँगै बसोबास गरिरहेको परिवारको सदस्यलाई कोभिड संक्रमण भएमा कम्तिमा ७ दिन विद्यालय उपस्थित हुन नहुने। कोरोनासँग मिल्दोजुल्दो लक्षण देखा परी शिक्षक वा विद्यार्थी बिरामी भएमा वा कोरोनाको आशंका भएमा तुरुन्तै पिसिआर/एन्टिजिन परीक्षण गरे पश्चात मात्र विद्यालय उपस्थित हुने।

**(च) विद्यालयले मापदण्ड तथा कार्यढाँचा निर्माण गर्न सक्ने**

विद्यालयले संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट जारी मापदण्ड तथा आदेशको प्रतिकूल नहुने गरी सिकाइ सहजीकरणका लागि मापदण्ड तथा कार्यढाँचा निर्माण गरी कार्यान्वयन गर्न सक्ने

**निर्णय नं २** . कोभिड १९ को असहज परिस्थितिमा प्रत्येक १५/१५ दिनमा शैक्षिक कृयाकलाप सञ्चालन सम्बन्धमा समीक्षा गरी थप व्यवस्थापन गर्न/मापदण्ड थपघट गर्न तथा आवश्यकतानुसार विद्यालयहरुले निर्धारित मापदण्डको पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्न समेत तपशील बमोजिमको समिति गठन गर्ने ।

१. प्रमुख प्रशासकीय अधिकृत : संयोजक

२. कोभिड संयोजक, जनस्वास्थ्य महाशाखा वि.म.न.पा : सदस्य

शिक्षा अधिकारी

३. शिक्षक महासंघ अध्यक्ष वि.म.न.पा : सदस्य
४. हिसान मोरङ अध्यक्ष : सदस्य
५. प्याब्सन अध्यक्ष वि.म.न.पा : सदस्य
६. एन प्याब्सन अध्यक्ष : वि.म.न.पा. : सदस्य
७. सामुदायिक विद्यालय अभिभावक संघ अध्यक्ष : सदस्य
८. संस्थागत विद्यालय अभिभावक संघ प्रतीनिधी : सदस्य

९. गैर सरकारी संस्था महासंघ अध्यक्ष : सदस्य
१०. शैक्षिक प्रशासन महाशाखा प्रमुख : सदस्य सचिव

**निर्णय नं ३**: निर्णय नं २ बमोजिम गठित समितिको सिफारिसका आधारमा विद्यालय सञ्चालन व्यवस्थापन सम्बन्धी थप निर्णय गर्ने अख्तियारी नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

**निर्णय नं :४** महानगरपालिका भित्र कोभिड संक्रमणदर बढेमा वा कोभिड १९ का कारण उच्च जोखिम उत्पन्न हुने अवस्था आएमा जुनसुकै समयमा पनि भौतिक रुपमा हुने सबै प्रकारका पठन पाठन तथा कृयाकलापमा नगर प्रमुखबाट निणय गरी रोक लगाउन सक्ने ।

**निर्णय नं :५** नगर शिक्षा समितिबाट माथि उल्लेखित भएका निर्णयका सम्बन्धमा DCMC मोरङलाई जानकारी गराउने ।

दुर्गाप्रसाद खतिवडा
**शिक्षा अधिकारी**